# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।२१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बर्दिया, राजापुर, नगरपालिका वडा नं. ७ स्थित श्री सरस्वती बाल प्राथमिक बिद्यालय शंकरपुरका प्रधानाध्यापक लक्ष्मीदेवी उपाध्यायले हाजिरी गराउन सहजीकरण गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज प्रधानाध्यापक लक्ष्मीदेवी उपाध्यायलाई सेवाग्राहीबाट रु.१४,५००।—(चौध हजार पाँच सय रुपैयाँ) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा मिति २०८०।०५।२६ गते नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला बर्दिया, राजापुर, नगरपालिका वडा नं. ७ स्थित श्री सरस्वती बाल प्राथमिक बिद्यालय, शंकरपुरका प्रधानाध्यापक लक्ष्मी अधिकारी भन्ने लक्ष्मीदेवी उपाध्यायले सेवाग्राहीलाई जागिरमा बहाल गराउनको लागि घुस/रिसवत रु.१४,५००।- (चौध हजार पाँच सय रुपैयाँ) माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज लक्ष्मी अधिकारी भन्ने लक्ष्मीदेवी उपाध्यायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१४,५००।—(चौध हजार पाँच सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल